# विवाह दर्ता नियमावली, २०२८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२८।८।१७

◊विवाह दर्ता ऐन, २०२८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यी नियमहरूको नाम "विवाह दर्ता नियमावली २०२८" रहेको छ ।

(२) यो नियमावली सम्वत् २०२८ साल पौष १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

"ऐन" भन्नाले विवाह दर्ता ऐन, २०२८ सम्झनु पर्छ ।

## परिच्छेद—२

## दर्ताद्वारा विवाह

३. **विवाहको दरखास्तः** (१) ऐन बमोजिम दर्ताद्वारा विवाह गर्न चाहने पुरुष र स्त्रीले ऐनमा तोकिएको म्याद भित्र अनुसूची—१ को ढाँचामा संयुक्त अरूपमा दरखास्त लेखी सही गरी विवाह अधिकारी समक्ष पेश गर्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि विवाह अधिकारीले अनुसूची २ मा तोकिएको ढाँचाको विवाह दरखास्त किताबमा सो दरखास्त दर्ता गरी राख्नु पर्छ ।

(३) उपनियम (२) बमोजिम दरखास्त दर्ता गरेपछि विवाह अधिकारीले सो प्रस्तावित विवाह प्रचलित नेपाल कानुन विपरीत हुने देखि विवाह गराउन

◊ संवत् २०७५ भदौ १ गतेबाट लागू भएको केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा खारेज भएको ।

इन्कार गरेमा कति कारणले प्रचलित नेपाल कानुनको विपरीत हुने हो इन्कार गर्नाको कारण खुलाई दरखास्त दर्ता भएको सात दिन भित्र दरखास्त गर्ने पक्षहरूलाई लिखित सूचना दिनु पर्छ ।

४. **उद्घोषणपत्रः** ऐनको दफा ८ बमोजिम विवाहका पक्षहरूले परस्पर पति र पत्नीको अरूपमा वरण र ग्रहण गरेको कुराको अनुसूची ३ मा तोकिएको ढाँचाको उद्घोषणपत्रमा सहिछाप गरी विवाह अधिकारीलाई दिनु पर्छ ।

५. **विवाह दर्ताः** नियम ४ बमोजिम उद्घोषणपत्रमा सही भए पछि विवाह अधिकारीले अनुसूची ४ मा तोकिएको ढाँचाको विवाह दर्ता किताबमा सो विवाह दर्ता गर्नु पर्छ ।

६. **विवाहको प्रमाणपत्रः** नियम ५ बमोजिम विवाह दर्ता भएपछि विवाह अधिकारीले विवाहका पक्षहरूलाई अनुसूची ५ मा तोकिएको ढाँचाको विवाहको प्रमाणपत्र दिनु पर्छ ।

## परिच्छेद—३

## अरू विवाहको दर्ता

७. **अरू विवाह दर्ता गर्न दरखास्तः** (१) ऐन बमोजिम कुनै दम्पत्तिले आफ्नो धर्म, जाति वा कुलको रीति थिति परम्परा वा चलन व्यवहार अनुसार भएको विवाह वा वैवाहिक सम्बन्ध दर्ता गर्न चाहेमा अुनसूची ६ मा तोकिएको ढाँचामा दरखास्त लेखी विवाह अधिकारी समक्ष पेश गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि विवाह अधिकारीले सो दरखास्त अनुसूची ७ मा तोकिएको ढाँचाको विवाह दर्ता दरखास्त किताबमा दर्ता गरी राख्नु पर्छ ।

(३) उपनियम (२) बमोजिम दरखास्त दर्ता गरे पछि विवाह अधिकारीले निजहरूका बीच भएको विवाह वा वैवाहिक सम्बन्ध प्रचलित नेपाल कानुनको विपरीत भएको देखी दर्ता गर्न इन्कार गरेमा बाहेक अरू अवस्थामा अनुसूची ८ मा तोकिएको ढाँचाको विवाह दर्ता किताबमा सो विवाह वा वैवाहिक सम्बन्ध दर्ता गर्नुपर्छ ।

(४) उपनियम (३) बमोजिम दर्ता गरे पछि विवाह अधिकारीले सो दम्पत्तिलाई अनुसूची ९ मा तोकिएको ढाँचामा विवाहको प्रमाणपत्र दिनुपर्छ ।

## परिच्छेद—४

## विविध

८. **सुरक्षित राख्ने:** यो नियमावली बमोजिमको विवाह दरखास्त, दर्ता किताब, विवाह दर्ता किताब र सो सम्बन्धी सबै कागजातहरू सुरक्षित राख्नु विवाह अधिकारीको कर्तव्य हुनेछ ।

९. **नक्कल दिने:** विवाह दर्ता गर्ने बारेको दरखास्त, विवाह प्रमाणपत्र र सम्बन्धित अन्य कागजातको नक्कल कसैले लिन चाहेमा विवाह अधिकारीले देहायका कागजातको देहाय बमोजिम दस्तूर लिई रितपूर्वकको नक्कल सात दिन भित्र दिनु पर्नेछ ।

(१) विवाहको प्रमाणपत्रको पाँच रुपैयाँ ।

(२) प्रमाणपत्र बाहेक अन्य कागजातहरूको प्रत्येक प्रतिको एक रुपैयाँ।

नेपाल कानून आयोग

**द्रष्टव्य:**— केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:—
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

**अनुसूची—१**

**(नियम ३(१) सँग सम्बन्धित)**

**विवाह गर्ने दरखास्त**

श्री विवाह अधिकारी,

...................................

महोदय,

हामी देहायकाले विवाह दर्ता ऐन, २०२८ बमोजिम दर्ताद्वारा परस्परमा विवाह गर्न इच्छुक भएको हुँदा यो दरखास्त पेश गरेका छौं । हामीहरूको बीच विवाह भएमा प्रचलित नेपाल कानुन र ऐनको दफा दफा ४ को विपरित हुने छैन । ऐन बमोजिम हाम्रो विवाह दर्ता होस् । हामीले तपसील बमोजिम भरेको विवरण पछि झुट्ठा ठहरिए कानुन बमोजिम सहौला बुझाउँला ।

| पुरुष र स्त्रीको नाम, थर | उमेर | पेशा | बैवाहिक स्थिति | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता | बाबुको नाम, थर वतन | बाजेको नाम, थर वतन | पूरष र स्त्रीको बीच नाता सम्बन्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

...................................

१. (पुरुषको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

..........................

२. (स्त्रीको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

मितिः—............ .......... .......

नेपाल कानून आयोग

नेपाल कानून आयोग

# अनुसूची —२

**(नियम ३(२) सँग सम्बन्धित)**

**विवाह दरखास्त किताब**

**सम्वत् .... .. साल**

| पुरुष र स्त्रीको नाम, थर | उमेर | पेशा | बैवाहिक स्थिति | स्थायी ठेगाना | अस्थायी ठेगान | नागरिकता | बाबुको नाम, थर वतन | बाजेको नाम, थर वतन | पूरष र स्त्रीको बीच नाता सम्बन्ध | दरखास्त दर्ता भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

..................................

१. (पुरुषको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

.........................

२. (स्त्रीको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

विवाह अधिकारीको हस्ताक्षर .............................

मितिः— ......... .......

कार्यालयको छाप

नेपाल कानून आयोग

**अनुसूची—३**

**(नियम ४ सँग सम्बन्धित)**

**उद्घोषणपत्र**

म .................. तपाइँ/तिमी .................. लाई मेरो/मेरी कानुन बमोजिम पति/पत्नीको रूपमा वरण/ग्रहण गर्दछु ।

१. पुरषको हस्ताक्षर दा. वा.

२. स्त्रीको हस्ताक्षर दा. वा.

माथि उल्लिखित पुरुष र स्त्रीले हामीहरूको सामुन्नेमा एकले अर्कालाई उपरोक्त बमोजिम सम्वोधन गरी पति र पत्नीको अरूपमा वरण तथा ग्रहण गरेको ठीक साँचो हो ।

साक्षीहरूको नाम, थर, वतन र सही

(क) .... ........ ......... ......

(ख) ........ ....... ....... .....

(ग) .... ..... ....... ........ .

विवाह अधिकारीको हस्ताक्षर ....

मितिः— ......... .......

| कार्यालयको छाप |
|---|

**अनुसूची—४**

**(नियम ५ सँग सम्बन्धित)**

**विवाह दर्ता किताव**

| पुरुष र स्त्रीको नाम, थर | उमेर | पेशा | बैवाहिक स्थिति | अस्थायी ठेगाना | स्थायी ठेगाना | नागरिकता | बाबुको नाम, थर वतन | बाजेको नाम, थर वतन | पुरुष र स्त्रीको बीच नाता सम्बन्ध | साक्षीहरूको नाम, थर, वतन | दरखास्त दिएको मिति | दरखास्त दर्ता मिति | उद्घोषणपत्र दिएको मिति | विवाह दर्ता भएको मिति | प्रमाण पत्र दिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

..............................

१. (पुरुषको हस्ताक्षर) रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

.........................

२. (स्त्रीको हस्ताक्षर) रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

साक्षीहरूको सही

(क) ............

(ख) ............

(ग) ...........

विवाह अधिकारीको हस्ताक्षर ....................

मितिः— ......... .......

कार्यालयको छाप

## अनुसूची—५
### (नियम ६ सँग सम्बन्धित)
### विवाहको प्रमाणपत्र

श्री ....... ....... ....... को नाती श्री ....... ........... को छोरा ........ ............. बस्ने वर्ष ............ को श्री ....... ...... र श्री ......... ......... को नातिनी श्री ........... ..... को छोरी ......... .... बस्ने वर्ष .... . ............... की श्री ........ ............. ........... ले मिति ........ ........... मा यस कार्यालयमा आई विवाह दर्ता ऐन, २०२८ बमोजिम एकले अर्कोलाई पति पत्नीको अरूपमा वरण तथा ग्रहण गरी विवाह गरेकोले निजहरूको बीच ऐन बमोजिम दर्ता भएको विवाहको श्री । श्रीमती ...... लाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

विवाह अधिकारीको
हस्ताक्षर .................
मितिः— ..................

कार्यालयको छाप

नेपाल कानून आयोग

**अनुसूची—६**

**(नियम ७(१) सँग सम्बन्धित)**

**अरू विवाह दर्ताको**

**दरखास्त**

श्री विवाह अधिकारी

............................

महोदय,

हामी देहायका दम्पत्तिले मिति ......... मा धर्म, जाति वा कुलको रीतिथिति, परम्परा चलन व्यवहार अुनसार परस्पर विवाह गरी । वैवाहिक सम्बन्ध जोडी पति पत्नीको अरूपमा रही आएकोमा यो ऐन बमोजिम विवाह/वैवाहिक सम्बन्ध दर्ता गर्न हामी इच्छुक भएकोले दरखास्त पेश गरेका छौं । हामीहरूको बीच भएको विवाह/बैवाहिक सम्बन्ध दर्ता भएमा नेपाल कानुन वा ऐनको दफा ४ को विपरीत हुने छैन । ऐन बमोजिम हाम्रो विवाह/वैवाहिक सम्बन्ध दर्ता होस् । हामीले तपसिल बमोजिम भरेको विवरण पछि झुठ्ठा ठहरे कानुन बमोजिम सहौंला बुझाऔंला ।

| विवाह/वैवाहिक सम्बन्ध दर्ता गर्ने दम्पत्तिको नाम, थर | उमेर | पेशा | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता | बाबुको नाम, थर, वतन | वाजेको नाम, थर, वतन | दम्पत्तिको विवाह/वैवाहिक सम्बन्ध कायम भएको मिति र ठाउँ | जाय जन्म भएका सन्तानको नाम, उमेर, र लिङ्ग | दम्पत्तिको बीच विवाह/वैवाहिक सम्बन्ध भएको थाहा पाउने साक्षीहरूको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

..........................

१. (पतिको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

.........................

२. (पत्निको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|
| | |

मितिः



नेपाल कानून आयोग

**अनुसूची—७**

**(नियम ७(२) सँग सम्बन्धित)**

**<u>अरू विवाह दरखास्त किताब</u>**

**सम्वत् ....... ....... साल**

| विवाह/वैवाहिक सम्बन्ध दर्ता गर्ने दम्पत्तिको नाम, थर | उमेर | पेशा | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता | बाबुको नाम, थर, वतन | वाजेको नाम, थर, वतन | विवाह/वैवाहिक सम्बन्ध दर्ता गर्ने दरखास्त दिएको मिति | विवाह/वैवाहिक सम्बन्ध कायम भएको मिति | विवाह/वैवाहिक सम्बन्ध कायम भएको मितिपछि जाय जन्म भएको सन्तानको नाम, उमेर र लिंग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

..........................

१. (पतिको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|

.........................

२. (पत्निको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|

विवाह अधिकारीको

हस्ताक्षर .......................

मितिः—

कार्यालयको छाप

नेपाल कानून आयोग

**अनुसूची–८**

**(नियम ७(३) सँग सम्बन्धित)**

**अरू विवाह दर्ता किताब**

| विवाह/वैवाहिक सम्बन्ध दर्ता गर्ने दम्पत्तिको नाम, थर | उमेर | पेशा | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता | बाबुको नाम, थर वतन | बाजेको नाम, थर, वतन | विवाह/ वैवाहिक सम्बन्ध भएको मिति र ठाउँ | दम्पत्तिको विवाह बैवाहिक सम्बन्ध भएको थाहा पाउने साक्षीहरूको नाम | विवाह/ वैवाहिक सम्बन्ध दर्ता गर्न दरखास्त दिएको मिति | विवाह वैवाहिकसम्बन्ध दर्ता भएको मिति | विवाह/ वैवाहिक सम्बन्ध दर्ता हुन अगाडि जायजन्म भएको सन्तानको नाम, उमेर र लिंग | प्रमाणपत्र पाएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

नेपाल कानून आयोग

..............................

१. (पुरुषको हस्ताक्षर)

..........................

२. (स्त्रीको हस्ताक्षर)

रेखात्मक सही

| दा | बा |
|---|---|

रेखात्मक सही

| दा | बा |
|---|---|

साक्षीहरूको सही

(क) .............

(ख) .............

(ग) ............

विवाह अधिकारीको हस्ताक्षर ....................

मितिः— ........ .......

कार्यालयको छाप

नेपाल कानून आयोग

**अनुसूची—९**

**नियम ७(४) सँग सम्बन्धित)**

**विवाह/वैवाहिक सम्बन्ध दर्ता भएको**

**प्रमाणपत्र**

श्री ....... ....... ....... को नाती श्री ....... ........... को छोरा ........ ............. बस्ने वर्ष ............. को श्री ....... ...... र श्री ......... ......... की नातिनी श्री ........... ..... को छोरी ......... .... बस्ने वर्ष .... . .............. की श्रीमती ....... को बीच मिति ...... मा भएको विवाह/वैवाहिक सम्बन्ध विवाह दर्ता ऐन, २०२८ बमोजिम दर्ता भएकोले श्री ......../श्रीमती .... लाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

विवाह अधिकारीको

हस्ताक्षर .........

मिति .........

| कार्यालयको छाप |
|---|

नेपाल कानून आयोग